आज मिति २०७६ असार ९ गते सोमबार दिनको १:०० बजे यस दक्षिणकाली नगरपालिकाका नगर प्रमुख श्री मोहन बस्नेतज्यूको अध्यक्षतामा नगर कार्यपालिका तपसिल बमोजिमका सदस्यज्यूहरुको उपस्थितिमा ७५ औं कार्यपालिका बैठक बसी निम्नानुसार प्रस्तावहरु उपर छलफल गरि देहायबमोजिमका निर्णयहरु गरियो ।

**उपस्थिती**

| क्र.सं | नाम, थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | नगर प्रमुख श्री मोहन बस्नेत | अध्यक्ष | |
| २. | नगर उपप्रमुख श्री बसन्ती तामाङ (डंगोल) | सदस्य | |
| ३. | १ नं. वडाका वडा अध्यक्ष श्री जय थापा मगर | सदस्य | |
| ४. | २ नं. वडाका वडा अध्यक्ष श्री रामचन्द्र क्षेत्री | सदस्य | |
| ५. | ३ नं. वडाका कार्यबाहक वडा अध्यक्ष श्री लक्ष्मी भण्डारी | सदस्य | |
| ६. | ४ नं. वडाका वडा अध्यक्ष श्री पुष्कर खड्का | सदस्य | |
| ७. | ५ नं. वडाका वडा अध्यक्ष श्री श्याम बहादुर खत्री | सदस्य | |
| ८. | ६ नं. वडाका वडा अध्यक्ष श्री शंकर मान महर्जन | सदस्य | |
| ९. | ७ नं. वडाका वडा अध्यक्ष श्री हरि प्रसाद तिमल्सेना | सदस्य | |
| १०. | ८ नं. वडाका अध्यक्ष श्री राज कुमार लामा | सदस्य | |
| ११. | ९ नं. वडाका वडा अध्यक्ष श्री अमृका बलामी | सदस्य | |
| १२. | दलित वा अल्पसंख्यक सदस्य श्री रमापहरी | सदस्य | |
| १३. | दलित वा अल्पसंख्यक सदस्य श्री गौरी नेवा | सदस्य | |
| १४. | दलित वा अल्पसंख्यक सदस्य श्री राजेश परियार | सदस्य | |
| १५. | महिला सदस्य श्री कविता खत्री | सदस्य | |
| १६. | महिला सदस्य श्री शारदा आचार्य | सदस्य | |
| १७. | महिला सदस्य श्री निर्मला मंग्राती | सदस्य | |
| १८. | महिला सदस्य श्री मिना मगर | सदस्य | |
| १९. | प्रमुख प्रशासकीय अधिकृत श्री घनश्याम न्यौपाने | सचिव | |

**अन्य उपस्थिती** :-

१. वरिष्ठ अधिकृत श्री दिपक कुमार के.सी.

२. लेखा अधिकृत श्री गणेश गुरुङ

३. अधिकृत सातौं श्री नुमानन्द दमासे

मिति २०७६/३/८ गते नगर प्रमुखज्यूबाट मिति २०७६/३/९ गते नगर कार्यपालिकाको ७५ औं कार्यपालिका बैठकमा पेश गर्न आदेश भई नगरकार्यपालिका बाट निर्णयका लागी पेश भएका विषयहरु माथि छलफल गरि निम्नानुसारको निर्णयहरु गरियो ।

तपसिल

| सि नं | विषय | कानूनमा उल्लेख भएको व्यहोरा | निर्णय हुनुपर्ने व्यहोरा |
|---|---|---|---|
| १. | चालु आ.ब.को प्रगति समिक्षा सम्बन्धमा । | | • देहायका विषयगत समितिहरुको चालु आ.ब. ०७६/०७७ को प्रगति समिक्षा गरियो ।<br>– आर्थिक विकास समिति<br>– सामाजिक विकास समिति<br>– पूर्वाधार विकास समिति<br>– वन वातावरण तथा विपद् व्यवस्थापन समिति<br>– सार्वजनिक सेवा तथा क्षमता विकास समिति<br>– न्यायिक समिति<br>– विधेयक समिति |
| २. | आर्थिक ऐन, २०७६ सम्बन्धमा । | | • आ.ब. ०७६/०७७ को आर्थिक ऐनको प्रस्ताव (आर्थिक विधेयक माथि छलफल गरी स्वीकृती साथ सभामा समक्ष स्वीकृतार्थ पेश गर्ने निर्णय गरियो ।) |
| ३. | विनियोजिन ऐन, २०७६ सम्बन्धमा । | | • आ.ब. ०७६/०७७ को विनियोजन ऐनको प्रस्ताव विनियोजन विधेयक माथि छलफल गरी स्वीकृती साथ सभा समक्ष स्वीकृतार्थ पेश गर्ने निर्णय गरियो ।) |
| ४. | निति कार्यक्रम र बजेट सम्बन्धमा । | | • आ.ब. ०७६/०७७ को नीति, कार्यक्रम तथा बजेट माथि छलफल गरी सभा समक्ष स्वीकृतार्थ पेश गर्ने निर्णय गरियो । |
| ५. | स्थानीय कर्मचारीको समायोजन तथा तह मिलान सम्बन्धमा । | | • यस नगरपालिकामा कार्यरत कर्मचारीहरुको मनोबल उच्च राख्दै गुणस्तरीय सेवा प्रवाहमा अझ बढी प्रभावकारी भुमिका निर्वाह गर्नका लागि प्रोत्साहन गर्न सकियोस भन्ने अभिप्रायले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८५ बमोजिम स्वत: समायोजन भइसकेको सन्दर्भमा कर्मचारी समायोजन अध्यादेश, २०७५ को दफा ६ ले कर्मचारी समायोजन सम्बन्धमा पुन: व्यवस्था गरेको तर तह मिलान सम्बन्धमा स्पष्ट व्यवस्था नगरेको हुदाँ स्थानीय सरकारको महत्वपूर्ण अंगका रुपमा रहेको स्थानीय सेवाका कर्मचारीहरुको उच्च मनोवललाई कायम |

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत

| | | | |
|---|---|---|---|
| | | | राख्दै गुणस्तरीय सेवा प्रवाहमा अझ बढी प्रभावकारी भुमिका निर्वाह गरी राख्ने प्रेरणा मिलोस भन्ने हेतुले कर्मचारी समायोजन ऐन, २०७५ को दफा ७ को उपदफा ४ बमोजिमको मापदण्डको आधारमा यस नगरपालिकमा कार्यरत स्थानीय तहको कर्मचारीहरुको तह मिलान सम्बन्धमा संघीय कानुन तथा अन्य कानुनी प्रावधान समेत बुझि नगरसभामा पेश गर्ने निर्णय गरीयो । |
| ६. | कार्यालय बन्द सम्बन्धमा । | | • मिति २०७६/३/१० गते चौथो नगरसभा हुन गई रहेको हुँदा नगरपालिका र वडा कार्यालय सेवा प्रवाह बन्द गर्ने । |
| ७. | आर्थिक सहायता सम्बन्धमा । | | • यस नगरपालिकाको वडा ५ फर्पिङ बसपार्क बुद्ध मन्दिरको विहार नजिक ईनारमा दिल बहादुर तामाङको छोरा खसेर मृत्यु भएको हुँदा उक्त पिडित परिवारलाई हार्दिक समवेदना व्यक्त गर्दै रु. ५० हजार आर्थिक सहयोग गर्ने । |
| ८. | बजार अनुगमन निर्देशिका २०७६ सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिकाको बजार अनुगमनलाई व्यवस्थित र गुणस्तरीय बनाउन बजार अनुगमन निर्देशिका २०७६ लाई स्वीकृत गर्न नगरसभामा पेश गर्ने । |
| ९. | नेपाल प्रहरीको प्रहरी पोष्टको लागी जग्गा सम्बन्धमा । | | • यस नगरपालिकाको वडा नं १ अन्तर्गत गर्ने प्राथमिकता स्वास्थ्य केन्द्र भवनसँगको जग्गामा प्रहरी चौकी भवन निर्माणको लागी आवश्यक सिफारिस दिने । |
| १०. | आयोजकको लागी बजेट माग गर्ने सम्बन्धमा । | | • दक्षिणकाली नगरपालिका ४ बाँसबारी वृहत्त खानेपानी आयोजनाको लागी DPR तयार भई क्रमागत योजना भएको हुँदा सम्पन्न गर्नको लागी बजेट विनियोजन गर्न खानेपानी तथा सरसफाई डिभिजन कार्यालय प्रदेश नं ३ डिभिजन भक्तपुरलाई अनुरोध गर्ने । |
| १२. | विविध । | | • सामुदायिक भवन (पंजल गणेश महिला भवन, वडा नं ६) रु ३०००००।— (तीन लाख) विनियोजन गरि सम्झौता गर्ने । |

दक्षिणकाली नगरपालिका नगर कार्यपालिकाको कार्यालय फर्पिङ, काठमाडौं २०७३

घनश्याम न्यौपाने
प्रमुख प्रशासकीय अधिकृत